वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।

सम्पर्क : ०६५-५६३९०७, ९८५६०६०३७६

Email : bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com





## बाढीले बगायो कल्भर्ट

तनहुँको भिमाद नगरपालिकाको वडा नं. ५ र ६ जोड्ने गरी निर्माण गरिएको कल्भर्ट मंगलबार राती परेको पानीले बगाएको छ । बाढीले कल्भर्ट बगाएपछि सवारी साधान सञ्चालन नहुँदा यात्रुले सास्ती झेल्नुपरेको छ ।

*तस्विर : भञ्ज्याङ*

# प्रकृति, संस्कृति र साहसिक पर्यटनको पर्याय मुदी गाउँ

**वासुदेव पौडेल/सन्तोष गौतम**

आँखैअगाडि चाँदीजस्तै टलक्क टल्केका गुर्जा र धवलागिरि हिमाल। भिरालो पाखामा छपक्क छापिएका परम्परागत शैलीका ढुङ्गे घरहरु। गाउँले परिवेश, आत्मीयपन भएका स्थानीयवासी। यस्तैयस्तै विशेषताले भरिएको छ म्याग्दीको धवलागिरि गाउँपालिका-४ स्थित मुदीगाउँ । मगर समुदायको बाहुल्यता रहेको गाउँ वरपर रहेका हिउँदमा बैँसी र बर्खामा लेक जाने पशुका घुम्ती गोठहरु। चिटिक्क ढुङ्गाले छापिएका चोक र बाटाहरु । घरघरमा कर्नासेमा झुन्ड्याइएका मकैको झुत्ताले वास्तविक गाउँले जीवन र परिवेशको अनुभूति गराएका छन् ।

विश्वकै सातौँ अग्लो उचाइको धवलागिरि हिमाल आरोहणमा जाने गाउँहरुमध्येको ठूलो तथा आकर्षक गाउँ पनि हो मुदी। हिमशृङ्खला, पहाडी भूगोल, ग्रामीण जीवनशैलीको अनुपम गन्तव्य यो प्रकृति र संस्कृतिसँगै साहसिक पर्यटकका लागि रोजाइमा पर्ने भए पनि प्रवर्द्धनको अभावमा अझै पनि ओझेलमा नै परेको वडाध्यक्ष यामबहादुर घर्ती बताउनुहुन्छ ।

समुद्री सतहबाट आठ हजार १६७ मिटर उचाइमा रहेको धवलागिरि हिमालसँग समेटिएको यो गाउँ प्रचारप्रसारको कमीका कारण ओझेलमा परिहेको वास्तविकतामा यहाँको पर्यटन पूर्वाधार निर्माण र विस्तारसँगै प्रवर्द्धनमा आफूहरु सक्रियताका साथ लागिरहेको उहाँले बताउनुभयो । पछिल्ला समयमा मुदीको पर्यटन प्रवर्द्धनसँगै यहाँको पर्यटकीय पूर्वाधार विकासका कामलाई प्राथमिकताका साथ अघि बढाइएको छ ।

मुदी गाउँभित्रका गल्लीहरुमा सरसफाइ, ढल व्यवस्थापन र ढुङ्गा बिछ्याएर चिटिक्क सजाइएको छ भने गाउँ र हिमाल अवलोकनका लागि वडा कार्यालय परिसरको



डाँडामा दृश्यावलोकन (भ्यूप्वइन्ट) स्थल बनाइएको छ । भ्यूप्वाइन्ट वरपरको पदमार्गमा रेलिङ राखिएको छ । करिब ३० मिनेट पैदलयात्रा गरेपछि पुगिने थलडाँडाबाट हिमालका साथै आसपासका छिमेकी बस्तीहरु, नागबेली परेर बगेको म्याग्दी, गुर्जा र दरखोला र पहाडी भूगोलको मनमोहक दृश्य एकसाथ अवलोकन गर्न सकिन्छ।

समुद्री सतहदेखि दुई हजार ५०० मिटरमा अवस्थित यहाँका अधिकांश घर परम्परागत ढुङ्गे शैलीमा बनाइएका छन् । मुदीका करिब २५० मध्ये २० घरपरिवार दलित र तीन परिवार गुरूङका छन् । मगर समुदायको सांस्कृतिक पहिचान पुर्ख्यौली, मादले, मारूनी नाच, यानीमाया, सालैजो गीतले पाहुनालाई स्वागत गर्ने यहाँको मौलिक परम्परा हो । धवलागिरि हिमालको आरोहण भएको ६६औँ वर्ष पुग्दा पनि यसको काखमा रहेको मुदी पर्यटकीय रुपमा अपेक्षित उपयोग हुन नसकेको स्थानीयको दुःखेसो छ ।

सन् १९६० मे १३ मा अस्ट्रियाका कुर्ट डिम्बर्गरले पहिलोपटक यस हिमालको सफल आरोहण गर्नुभएको थियो । त्यस क्रममा उहाँसहित पिटर डियनर, एन्स्ट फोरर, एल्बिन सेल्वर्ट, निमा दोर्ज र नवाङ दोर्ज पहिलोपटक धवलागिरिको चुचुरोमा पुग्नुभएको थियो । पर्यटन विभागका अनुसार ६६ वर्षको यस अवधिमा यो हिमाल ७३३ जनाले आरोहण गरिसक्नुभएको छ ।

भौगोलिक अवस्थितिलगायतका कारण यो हिमालको आरोहणलाई कठिन मानिने नेपाल पर्वतारोहण सङ्घ गण्डकी प्रदेशका निवर्तमान अध्यक्ष शेषकान्त शर्मा बताउनुहुन्छ। क्षणक्षणमा बदलिरहने मौसमसँगै भौगोलिक अवस्थिति नै आरोहण कठिन हुनुको प्रमुख कारण रहेको उहाँको भनाइ छ । धवलागिरि आरोहण भएको दिन मे १३ मा प्रत्येक वर्ष धवलागिरि आरोहण दिवस मनाउँदै आइए पनि हिमालको काखमा रहेको मुदीगाउँमा भने गत मे १३ मा पहिलोपटक संस्थागत रुपमा धवलागिरि आरोहण दिवस मनाइएको छ ।

हिमालको फेदीमा रहेको मुदीगाउँमा गण्डकी प्रदेशको पर्यटन मन्त्रालय, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको सहयोग तथा धवलागिरि गाउँपालिकाको समन्वय एवं ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकीको आयोजनामा ६६औँ आरोहण दिवस मनाइएको हो । उक्त क्रममा छोटिएको पदमार्ग, जलवायु परिवर्तनले पर्यटन क्षेत्रमा पारेको असर र विकल्पको खोजीमा सरोकारवालाहरुबीच बहस एवं छलफलसमेत गरिएको टान गण्डकीका अध्यक्ष कृष्ण आचार्यले जानकारी दिनुभयो ।

मुदीगाउँ जति सुन्दर छ यहाँ पाइने विभिन्न वनस्पति, चराचुरुङ्गीले पनि यहाँको महिमा र गरिमा अझै बढाएका छन् । नेपाल पन्छीविद् संघले गरेको अध्ययनका क्रममा मुदी र दरमा

*बाँकी तेश्रो पेजमा*

# दमौलीमा ट्राफिक व्यवस्थापन कडाइ, सफा सडकमा पार्किङ पूर्ण निषेध

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँको व्यास नगरपालिकाको दमौली बजार क्षेत्रमा बढ्दो सवारी चाप, अव्यवस्थित पार्किङ तथा बजार सुरक्षालाई व्यवस्थित बनाउन व्यापक ट्राफिक व्यवस्थापन योजना लागू गरिने भएको छ। नगर प्रमुख वैकुण्ठ न्यौपानेको संयोजकत्वमा बुधबार बसेको सरोकारवालाहरुको संयुक्त बैठकले दमौली बजार क्षेत्रको ट्राफिक तथा बजार सुरक्षा व्यवस्थापनका लागि



विभिन्न निर्णयहरू गरिएका छन् ।

नगर उप-प्रमुख, तनहुँका प्रमुख जिल्ला अधिकारी, प्रमुख प्रशासकीय अधिकृत, सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालय तनहुँका प्रमुख, वडा नं. २, ३ र ४ का वडाध्यक्ष, उद्योग वाणिज्य संघका प्रतिनिधि, पृथ्वी राजमार्ग पूर्वी सडक आयोजना, यातायात व्यवसायी समिति, अटो व्यवसायी समिति लगायतको सहभागितामा बसेको बैठकले बजार व्यवस्थापनका विषयमा छलफल गरेका थिए ।

बैठकमा सहभागिहरूले दमौली बजार क्षेत्रमा जथाभावी सवारी पार्किङका कारण बजार अस्तव्यस्त बनेको, सडक सुरक्षामा समस्या उत्पन्न भएको तथा बजार सुरक्षाका लागि जडान गरिएका सिसिटिभी क्यामेरा, जेब्रा क्रसिङ र फुटपाथ व्यवस्थापन प्रभावकारी नभएको निष्कर्ष निकाल्दै विस्तृत समीक्षा गरिएको प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले जानकारी गराए।

उनका अनुसार बजार सुरक्षालाई प्रभावकारी बनाउन बिग्रिएका सिसिटिभी क्यामेराको मर्मत तथा आवश्यक स्थानमा थप क्यामेरा जडान गरिनेछ । यसको खर्च व्यवस्थापन व्यास नगरपालिकाले गर्ने तथा निगरानीको जिम्मेवारी जिल्ला प्रहरी कार्यालयले लिने निर्णय गरिएको छ ।

बैठकले पृथ्वी राजमार्ग पुनःनिर्माणसँगै सर्भिस लेन व्यवस्थापन, पार्किङ तथा बजार ट्राफिकलाई व्यवस्थित बनाउन

*बाँकी अन्तिम पेजमा*

## सम्पादकीय ............

www.bhanjyangnews.com

# ओझेलमा परेको इतिहास

नेपालको इतिहास, संस्कृति र भुगोल एकअर्कासँग गाँसिएर यस्ता विरासतहरु निर्माण गर्छन् । जसले राष्ट्रको पहिचान मात्रै बनाउँदैन, भावी पुस्ताका लागि गौरवको स्रोत पनि प्रदान गर्छ। तर दुर्भाग्यवश, त्यस्ता थुप्रै स्थलहरु समय, राजनीति, र बेवास्ताको भारमा ओझेलमा परिरहेका छन्। तिनैमध्ये एक हो– पहाडकी रानी उपनामले परिचित तनहुँको बन्दीपुरमा अवस्थित मुकुन्देश्वरी डाँडा। जसको नामसँगै पाल्पाका प्रसिद्ध राजा मुकुन्दसेनको ऐतिहासिक, धार्मिक र सांस्कृतिक विरासत गाँसिएको छ । चारैतिर हरियाली, आकाशमा नीलो स्वच्छता र टाढा देखिने धौलागिरी–अन्नपूर्ण–बौद्ध हिमश्रृंखलाका दृश्यले यो डाँडालाई प्रकृतिको अनुपम उपहार बनाउँछ। तर यसको छायाँमा लुकेको छ । एक वीर शासकको गाथा, शक्तिपीठको किंवदन्ती र नेपाली इतिहासमा गरिइएको प्रारम्भिक संघीय शासन अभ्यासको स्मृति ।

पन्ध्रौं शताब्दीको उत्तरार्धमा जन्मिएका राजा मुकुन्दसेन केवल पाल्पाका शासक थिएनन्, उनी नेपाली भुगोलको तत्कालीन पुनःसंरचनामा ऐतिहासिक योगदान दिने व्यक्तित्व पनि थिए । संस्कृत, अस, अवधी र मगर भाषामा दखल राख्ने यो बहुभाषिक राजा एक धार्मिक, नीतिनिष्ठ र प्रबुद्ध प्रशासक थिए । गोपिनाथ शर्माको "चौबीसी राज्यको इतिहास" अनुसार, पाल्पा राज्य उत्तरमा मुक्तिनाथदेखि दक्षिणमा गङ्गासम्म, पूर्वमा जलपाइगुडीदेखि पश्चिममा कुमाउँसम्म फैलिएको थियो। त्यो बेलामा मुकुन्दसेनले आफ्ना सात छोराहरूलाई सातवटा भिन्न-भिन्न क्षेत्रहरूमा प्रशासक बनाएर प्रारम्भिक संघीय शासनको अभ्यास पनि गरे। यो नेपाली राजनीतिक चेतनाको प्रारम्भिक नमूनास्वरूप पनि लिन सकिन्छ । तर राजनीतिक शक्ति, वंशवाद र आन्तरिक कलह नेपाली इतिहासको स्थायी विडम्बनाजस्तै बनेको छ। मुकुन्दसेनको राज्य पनि यसबाट अछुतो रहन सकेन। आफ्नै छोराहरूबीचको सत्ता संघर्षले थाकेर, राजा मुकुन्दसेनले राज्य त्यागे। अन्ततः वि.सं. १६२२ मा देवघाटमा जलसमाधि लिएर शालिग्राम बनेको जनविश्वास आजसम्म जीवित छ ।

राजा मुकुन्दसेनसँग गाँसिएको यो मुकुन्देश्वरी डाँडा, कुनैबेला पाल्पा राज्यको शीतकालीन राजधानी थियो। यही ठाउँमा राजा मुकुन्दसेनले सैनिक परेड गराउँथे, शक्तिशाली तरवारहरु राखिएका थिए, शिवमन्दिर स्थापना गरिएको थियो । डाँडामै रहेको इनार, तत्कालीन दरबारका भग्नावशेष, सैनिक अभ्यासका टुंडिखेलहरु, पूजास्थलहरु, गुफा र तबेलाहरु आज झाडी र जङ्गलले ढाकेका छन्। एक महिलाको मुखबाट सुनिएको "राजा हुनुको घमण्डले अन्धा भएका छन्" भन्ने वाक्यले आत्मबोध पाएका राजा मुकुन्दसेन यही डाँडाबाट सधैंका लागि अन्तर्धान भए भन्ने किंवदन्तीले डाँडालाई एउटा आध्यात्मिक चेतनाको थलो पनि बनाएको छ। डाँडामा प्रकट भएको शक्तिस्वरूप मुकुन्देश्वरी देवी, आज पनि स्थानीय स्तरमा पूजाआजा गरिन्छ । तर त्यो शक्तिपीठ आज संरक्षणविहीन, प्रचारविहीन र ओझेलमा परेको ऐतिहासिक स्थल बनेको छ ।

मुकुन्देश्वरी डाँडा आज राष्ट्रिय स्तरमा कति चिनिएको छ? उत्तर हो– निकै थोरै चिनिएको छ। ऐतिहासिक महत्त्व बोकेको, सांस्कृतिक किंवदन्तीले भरिएको र पर्यटनको अपार सम्भावना बोकेको यस्तो स्थलप्रति स्थानीय सरकारको ध्यान नपुगेको देखिन्छ। त्यस्तै, प्रदेश र संघीय सरकारले पनि संरक्षणको विषयमा नीति त बनाएका छन्, तर कार्यान्वयन पक्ष कमजोर छ । गाउँपालिका, पाल्पा–तनहुँका सम्पदाविद्, स्थानीय पर्यटन व्यवसायी र नागरिक समाजको साझा प्रयास बिना यो स्थल अझै बिर्सिंदै जानेछ। खासगरी विद्यालय र विश्वविद्यालय तहमा यो थलोको अध्ययन र प्रचार–प्रसार हुनुपर्छ। यहाँको इतिहास पाठ्यक्रममा समावेश गरेर नयाँ पुस्तामा यो चेतना विकास गर्न सकिन्छ कि, इतिहास केवल दरबारका पर्खालमा सीमित छैन, त्यसको जरा स्थानीय डाँडाकाँडो र मान्यतामा पनि गढिएको छ।

बन्दीपुर आफैंमा एक महत्वपूर्ण पर्यटकीय गन्तव्य हो। मुकुन्देश्वरी डाँडा त्यसको पूरक बन्न सक्छ । जसले इतिहास, धर्म, संस्कृति र प्रकृतिको संगममा नयाँ गन्तव्य निर्माण गर्न सक्छ । यसका लागि डाँडाको पुरातात्त्विक सर्वेक्षण गरिनु, प्राकृतिक पदमार्ग निर्माण गरिनु, स्थानीय कथा र किंवदन्तीहरूलाई संग्रह गरेर संग्रहालय बनाइनु, नयाँ पुस्तालाई सहभागी गराउने सचेतना अभियान सञ्चालन गरिनु, गाईड प्रशिक्षण, बोर्ड संकेत र डिजिटल सामग्री विकास गरिनुपर्ने देखिन्छ। यी काम गर्दा मात्र मुकुन्देश्वरी डाँडा नयाँ पुस्ताको लागि गुम्न लागेको सम्पदा होइन, पुनःजीवित प्रेरणाको केन्द्र बन्न सक्छ। नेपालको इतिहास राज्यहरूकै युद्धले बनेको हो भन्ने एकपक्षीय दृष्टिकोणलाई तोड्न जरूरी छ । मुकुन्देश्वरी डाँडा जस्ता स्थलहरु इतिहासको विविधता, आध्यात्मिकता र मानवीय संवेदनाको गाथा बोल्छन् । हाम्रा सन्तानले इतिहास पढून्, हेरून् र महसुस गरून् भन्ने हो भने, हामीले मुकुन्देश्वरीजस्ता स्थलहरूलाई केवल किंवदन्ती होइन, संरक्षित धरोहर बनाउनु आवश्यक छ। यो न त केवल तनहुँको जिम्मेवारी हो, न त पाल्पाको मात्रै यो सम्पूर्ण नेपाली समाजको साझा दायित्व हो ।

# एसईईसी पछि आयुर्वेद पढाइ : छिटो रोगजारीका लागि एक विकल्प

एसईई पास गरेपछि धेरै विद्यार्थीहरु प्लटु पढ्छन् । चिकित्सा तथा इन्जिलियरिङ क्षेत्रमा लाग्ने चाहना भएकाहरु विज्ञान विषय पढ्छन् । कोही व्यवस्थापन, कोही मानविकी तथा कोही शिक्षा शास्त्रतिर लाग्छन् । एसईई पछि सिटिभिटी अन्तर्गतको आयुर्वेद चिकित्सा पनि एक उत्तम र भविष्यप्रति भरपर्दो विकल्प हो । यदि प्राकृतिक स्वास्थ्य, जडीबुटी, समग्र स्वास्थ्य र नेपाली तथा भारतीय परम्परागत चिकित्सा ज्ञानमा रूचि छ भने यो धेरै राम्रो विकल्प हो ।

सीटीईभीटी अन्तर्गतको आयुर्वेद (आयुर्वेद तथा सामान्य चिकित्सा विषयमा प्रमाणपत्र तह वा आयुर्वेद स्वास्थ्य विज्ञान डिप्लोमा) ले पनि एकदमै राम्रो र व्यावहारिक बाटो प्रदान गर्दछ ।

यो तीन वर्षे कोर्स हो जसलाई आयुर्वेदिक हेल्थ असिस्टेन्ट (एएचए) अर्थात् आयुर्वेदिक स्वास्थ्य सहायकको रूपमा पनि चिनिन्छ। यो कार्यक्रमले एसईई स्वास्थ्य सेवा, जडिबुटी सम्बन्धी ज्ञान तथा त्यसको उचित प्रयोगबारे अध्ययन गराइन्छ । साथै रोगको पहिचान, स्वास्थ्य शिक्षा, सामुदायिक शिक्षा, योग, ध्यान, प्राणायाम र विभिन्न योग थेरापी सम्बन्धी सिपहरू र साथै औषधि निर्माण सम्बन्धी ज्ञान पनि दिइन्छ ।

**आवश्यक पर्ने न्युनतम योग्यता**

यो कोर्स पढ्नका लागि एसईईमा न्यूनतम जीपीए २.० (गणित, अंग्रेजी र विज्ञानमा कम्तीमा 'सी' श्रेणी) भएपछि प्रवेश परीक्षा दिएर भर्ना हुन सकिन्छ।

नेपालमा यस सम्बन्धी पढाइ हुने सम्बन्धन प्राप्त कलेजहरु १३ वटा छन् । बागमती प्रदेश अन्तर्गत ४ वटा कलेज छन् । अहिले सिटिभिटीले छात्रवृत्ति तथा शुल्क तिरेर पढ्नका लागि भर्ना फारम खुलएको छ ।

**किन पढ्ने यो कोर्स ?**

यो कोर्स पढ्नुको सबैभन्दा ठूलो फाइदा भनेको छिटो करियर सुरू गर्न सकिने दिन सकिन्छ ।

स्वास्थ्य चौकी, आयुर्वेद अस्पताल, सिंहदरबार वैद्यखाना जस्ता संस्थाहरूमा काम गर्ने अवसर प्राप्त हुनु सक्छ । साथै निजी क्लिनिक वा आफ्नै औषधालय खोलेर पनि सेवा दिन सकिन्छ । ग्रामीण क्षेत्रमा प्राथमिक स्वास्थ्य सेवाको ठूलो आवश्यकता भएकाले यो कोर्स पढेका व्यक्तिहरूको माग बढ्दो छ ।

यो कोर्सको अर्को महत्वपूर्ण पक्ष भनेको व्यावहारिक र समग्र शिक्षा हो । यसमा आयुर्वेदका परम्परागत विषयहरु जस्तै द्रव्यगुण, रसशास्त्र, संस्कृत, जडीबुटी पहिचान र उपचारका साथै आधुनिक सामान्य चिकित्सा, शरीर रचना विज्ञान र शरीर क्रिया विज्ञान जस्ता विषयहरु पनि समावेश छन् ।

तेस्रो वर्षमा अस्पतालमा इन्टर्नसिप र कार्यस्थल अभ्यास तालिम (ओजेटी) हुन्छ, जसले विद्यार्थीलाई वास्तविक अनुभव दिन्छ । यदि प्रकृति, जडीबुटी, प्राकृतिक




पास गरेका विद्यार्थीहरूलाई छिट्टै स्वास्थ्य क्षेत्रमा प्रवेश गर्न मद्दत गर्दछ र आयुर्वेदको ज्ञानसँगै आधुनिक स्वास्थ्य सेवाको आधारभूत सीप पनि सिकाउँछ ।

नेपालमा पछिल्लो समय आयुर्वेद, योगा, थेरापी र प्रकृतिक उपचारप्रती मानिसहरूको आकर्षण बढ्दो छ । आधुनिक चिकित्सा सेवासँगै आयुर्वेदलाई पनि स्वास्थ्यसेवाको महत्वपूर्ण आधारको रूपमा लिने गरिएको छ । यही आवश्यकता तथा महत्वलाई बुझेर सीटीईभीटी अन्तरर्गत पीसीसी इन आयुर्वेदा एण्ड जनरल मेडिसिन एएचए कार्यक्रम सुरू गरेको हो ।

**एएचए कोर्स के हो?**

आयुर्वेदा हेल्थ असिस्टेन्ट कार्यक्रम सिटिभिटी अन्तर्गत सम्बन्धन प्राप्त गरी सञ्चालित ३ वर्षे शैक्षिक कार्यक्रम हो । एसईई पछि अध्ययन गर्न सकिने यस कार्यक्रम नर्सिङ, फार्मेसी, सामान्य चिकित्सा जस्तै स्वास्थ्य अन्तरर्गत रहेको छ। जहाँ आयुर्वेद उपचार पद्धति, प्राथमिक कुरा हो । बीएएमएस जस्तो पाँच वर्षभन्दा लामो कोर्समा समय र पैसा खर्च गर्न नसक्ने विद्यार्थीहरूका लागि यो उपयुक्त छ ।

तीन वर्षमै कोर्स पूरा भएपछि आयुर्वेदिक स्वास्थ्य सहायकको रूपमा काम गर्न योग्य भइन्छ । यसले प्राथमिक स्वास्थ्य सेवामा काम गर्ने अवसर दिन्छ जसमा जडीबुटीमा आधारित उपचार, रोग निदान, पञ्चकर्म, स्वास्थ्य शिक्षा र समुदाय स्तरका स्वास्थ्य कार्यक्रमहरु समावेश छन् । नेपालमा आयुर्वेदलाई सरकारले पनि प्राथमिकता दिइरहेको छ, त्यसैले यो क्षेत्रमा सरकारी जागिरको राम्रो सम्भावना छ ।

सीटीईभीटीको आयुर्वेद कोर्सले सरकारी जागिरका लागि बलियो आधार तयार पार्छ । कोर्स पूरा गरेपछि नेपाल स्वास्थ्य व्यवसायी परिषद् (एनएचपीसी) मा दर्ता गर्न सकिन्छ र लोक सेवा आयोगको परीक्षामा राजपत्र अनङ्कित प्रथम श्रेणी (पाँचौं तह)को आयुर्वेदिक पदमा आवेदन उपचार र मानिसलाई सेवा गर्ने भावना छ भने यो कोर्सले ठूलो सन्तुष्टि दिन सक्छ ।

खर्चको हिसाबले सरकारी तथा सामुदायिक कलेजहरूमा शुल्क पनि तुलनात्मक रूपमा कम छ । छात्रवृत्तिको पनि व्यवस्था हुन्छ । कोर्सपछि थप अध्ययन गर्न चाहे बीएएमएसमा समकक्षीय प्रवेशमार्फत भर्ना हुन सकिन्छ ।

नेपाल सरकारले आयुर्वेद स्वास्थ्य सेवा , जडिबुटी, नागरिक आरोग्य, योग र पञ्चकर्मलाई प्राथमित्तामा राखेको छ। नेपालको ७५३ स्थानीय तहमा नागरिक आरोग्य केन्द्र स्थापना गर्न दरबन्दी खुलाउने योजना पनि बनाएको छ । त्यसैले यस सम्बन्धी दक्ष व्यक्तिको माग उच्च हुने देखिन्छ ।

समग्र रूपमा भन्नुपर्दा, एसईईपछि सीटीईभीटी आयुर्वेद पढ्नु भनेको छिटो, सस्तो र व्यावहारिक स्वास्थ्य करियरको बाटो हो । अनलाइनखबरबाट

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

## तपाईंको आज

**मेष**
आम्दानी बढ्नाले उत्साह जाग्नेछ। श्रमको उचित मूल्य पाइनेछ। व्यापारमा राम्रै फड्को मार्ने समय छ।

**वृष**
बिनाकारण आफन्त, साथीभाइ टाढिन सक्छन्। साझेदारसँग असमझदारी देखिने हुँदा सजग रहनुहोला।

**मिथुन**
राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ। सामाजिक नेतृत्व हातलागी हुने सम्भावना छ।

**कर्कट**
हातमा आएको रकम अरूका लागि खर्चनुपर्ने देखिन्छ। बुद्धिको उपयोगले मात्र काम बनाउन सकिनेछ।

**सिंह**
समयको मागअनुसार चल्न नसक्दा व्यवहारमा पछि परिनेछ। सामाजिक कामको जिम्मेवारी बढ्नेछ।

**कन्य**
चुनौतीभित्र अवसर खोज्ने समय छ। जटिल काममा पनि प्रयत्न गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ।

**तुला**
पहिलेको सफलताले महत्त्वाकांक्षा बढाउनेछ। विभिन्न अवसर आउनेछन्। हडबड गर्दा काम बिग्रनेछ।

**वृश्चिक**
मन मिल्ने साथी भेटिनुका साथै प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। कामको चापबाट फुर्सद पाइनेछ।

**धनु**
आफन्त र परिवारजनलाई धेरै समय दिनुपर्ने हुन सक्छ। आश्वासन दिनेहरुले प्रतिबद्धता पूरा नगर्न सक्छन्।

**मकर**
हल्लाको भरमा अरूको विश्वास गर्दा धोका पाइनेछ। कृषि तथा घरेलु कामकाजमा बढी प्रवृत्त बन्नुपर्ला।

**कुम्भ**
शत्रुहरु किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ। पुरूषार्थद्वारा प्रशस्त लाभ उठाउन सकिनेछ।

**मीन**
कामको मेसो नमिल्दा पछि परिनेछ। अरूका लागि बुद्धि खर्चनुपर्ला। पहिलेका सहयोगीहरु पछि हट्नेछन्।

# परीक्षणसम्बन्धी नयाँ नियमले चिया निर्यात ठप्प

चन्द्रकला भण्डारी/झापा

भारतीय चिया विकास निगमले चिया आयातमा ट्रकैपिच्छे प्रयोगशाला परीक्षण (ल्याब टेस्ट) अनिवार्य गर्ने नयाँ नियम लागू गरेपछि विगत दुई सातादेखि नेपाली चियाको निर्यात पूर्णरूपमा ठप्प भएको छ । भारतको यो नीतिगत कडाइका कारण वार्षिक रू पाँचदेखि छ अर्ब वैदेशिक मुद्रा आर्जन गर्ने नेपालको चिया उद्योग ठूलो संकटमा परेको व्यवसायीहरूले बताएका छन्।

नेपाल चिया उत्पादक सङ्घका अध्यक्ष आदित्य पराजुलीका अनुसार भारतले गत वैशाख १८ गतेदेखि लागू हुने गरी नयाँ 'स्ट्यान्डर्ड अपरेटिङ प्रोसिडर (एसओपी)' जारी गरेको हो। नयाँ प्रावधानले नेपाली निर्यातकर्ताका लागि प्रशासनिक र आर्थिक झञ्झट थपेको छ । "चिया निर्यातको यो मुख्य याम हो । अहिले करिब पाँच लाख किलोग्राम चिया निर्यातका लागि तयारी अवस्थामा छ", अध्यक्ष पराजुलीले भन्नुभयो, "तर भारतीय पक्षको नयाँ र कडा प्रावधानका कारण कुनै पनि व्यवसायीले चिया भारततर्फ लैजाने आँट गर्न सकेका छैनन् । दुई सातादेखि एक पोका चिया पनि निर्यात हुन सकेको छैन।"

यसअघि नेपाली चिया निर्यातका लागि एउटा उद्योगले एकपटक प्रयोगशाला परीक्षण उत्तीर्ण गरेपछि सोही प्रमाणपत्रका आधारमा १५ दिनसम्म १० ट्रक चिया सहजै भारत पठाउन सक्ने व्यवस्था थियो।



तर, नयाँ नियमअनुसार काँकडभिट्टा नाकाबाट भारतीय सीमावर्ती पानीट्याङ्की भन्सार प्रवेश गर्ने वित्तिकै प्रत्येक ट्रकको चियाको नमुना अनिवार्य रूपमा भारत सरकारको मान्यता प्राप्त प्रयोगशालामा पठाउनुपर्ने भएको छ ।

प्रतिट्रक नमूना परीक्षणका लागि रू १८ हजार शुल्क तिर्नुपर्नेछ भने त्यसको प्रतिवेदन आउन कम्तीमा १४ दिन लाग्ने बताइएको छ । भारतीय प्रयोगशालाले १४ दिनभित्र अनलाइन प्रणालीमा रिपोर्ट प्रविष्ट गर्ने र यदि परीक्षण असफल भएमा उक्त चियालाई भारतीय बजारमा बेच्न वा अन्य देशमा पठाउनसमेत नदिई जफत गरिने कडा प्रावधान राखिएको छ ।

"एकातर्फ हरेक ट्रकको नमूना परीक्षणका लागि महँगो शुल्क र समय लाग्ने नियम बनाउनु निर्यातमा पूर्ण अवरोध सिर्जना गर्ने नियत हो", पराजुलीले थप्नुभयो, "अर्कातर्फ रिपोर्ट प्रतिकूल आएमा चिया नै जफत गर्ने प्रावधान छ । यो नियम संशोधन नभए नेपाली चियाको भारत निर्यातको ढोका सधैँका लागि बन्द हुनेछ ।"

नेपाली चियाको मुख्य बजार भारत नै रहँदै आएको छ। प्रयोगशालाको प्रतिवेदन नआउञ्जेल १० देखि १४ दिनसम्म लोड भएका ट्रकहरू सुरक्षित रूपमा रोकेर राख्ने पर्याप्त पार्किङ स्थल र पूर्वाधार पानीट्याङ्की भन्सारमा समेत नरहेको व्यवसायीहरूको गुनासो छ ।

चिया क्षेत्रमा देखिएको यो गैरभन्सार अवरोध हटाउन नेपाल सरकारले भारतीय पक्षसँग अबिलम्ब 'जिटुजी' संवाद थाल्नुपर्ने नेपाल चिया उत्पादक संघको माग छ । यसका लागि पहल भइरहेको संघले जनाएको छ ।

नेपालमा उत्पादित सिटिसी र अर्थोडक्स चिया विश्व बजारमा गुणस्तरका लागि लोकप्रिय मानिन्छन्। तर, प्रमुख बजार भारतमै नीतिगत अवरोध सिर्जना हुँदा किसानदेखि ठूला उद्योगीसम्म र यसमा आश्रित लाखौँ श्रमिकको जीविकोपार्जन संकटमा परेको छ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्डको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८१/८२ मा मुलुकको २० हजार ६०२ हेक्टर भूभागमा रहेको चिया बगानबाट रू दुई करोड ६१ लाख २३ हजार १११ किलोग्राम तयारी चिया उत्पादन भएको थियो। आव २०८१/८२ मा नेपालबाट रू चार अर्ब ५९ करोड आठ लाख ५६ हजार मूल्य बराबरको चिया निर्यात भएको थियो।

मुलुकभर १७० वटा ठूला चिया बगान र १२० वटा साना तथा मझौला चिया बगान छन् । चिया उत्पादनमा १५ हजारभन्दा बढी साना किसान प्रत्यक्ष सहभागी छन्। एक लाख श्रमिकले बगानदेखि उद्योगसम्म प्रत्यक्ष रोजगारी पाउँदै आएका छन् । रासस

# मुस्ताङमा पहिलो पटक एआई ड्रोन प्रविधिद्वारा वन गस्ती गरिँदै

रासस/मुस्ताङ

मुस्ताङमा एआई ड्रोन प्रविधिद्वारा वन गस्ती सुरू गरिएको छ। अन्नपूणं संरक्षण क्षेत्र आयोजना, इलाका संरक्षण कार्यालय जोमसोमले मुस्ताङका उच्चलेंक, खर्क र पाटनमा एआई ड्रोन प्रविधिद्वारा वन गस्ती गर्न सुरू गरिएको जनाएको छ ।

मुस्ताङमा ड्रोन प्रविधिद्वारा चलचित्र, डकुमेन्ट्री फिल्म र



चाडपर्वलगायत श्रव्यदृष्यहरू छायाङ्कन गरिने गरिएको भए पनि अन्नपूर्ण संरक्षण आयोजनाले पहिलो एआई प्रविधिको ड्रोन क्यामेरा वन गस्ती गर्ने कार्यमा प्रयोगमा ल्याएको हो । यहाँको कठिन भूगोल र यहाँका उच्चस्थानका न्यून मानव वस्ती रहेका स्थानमा वन अनुगमन गर्नका लागि पहिलो पटक एआई ड्रोन प्रविधि प्रयोगमा ल्याइएको हो ।

एक्याप संरक्षित वन तथा वनपैदावारको संरक्षण तथा वन्यजन्तुको चोरी शिकारीलगायत वन क्षेत्रहरूमा हुने विभिन्न प्रकारका अवाञ्छित गतिविधि नियन्त्रणका लागि उक्त प्रविधि प्रयोगमा ल्याइएको एक्याप जोमसोमका वरिष्ठ प्राकृतिक स्रोत संरक्षण सहायक संजोग थकालीले जानकारी दिनुभयो ।

थकालीका अनुसार वारागुङ मुक्तिक्षेत्र–१ को लुप्रा लेंक र घरपझोङ गाउँपालिकाको झ्प्सा र नमखुलेंक लगायतका स्थानमा गस्ती गर्ने कार्य भइसकेको छ । एक्याप जोमसोमले यार्सा गुम्बा टिप्ने सिजन चलिरहेको अवस्थामा एआई ड्रोन प्रविधिद्वारा छड्के अनुमगन गरिहेको छ ।

यार्सा सङ्कलन गर्ने व्यक्तिबाट हुनसक्ने अवाञ्छित क्रियाकलाप तथा वन तथा उच्चलेंकमा पासो थाप्ने र बन्दुक बोकेर गैरकानुनी रूपमा वन्यजन्तुको चोरी शिकारी गर्ने तथा आगलागीको जोखिम सृजना गर्नसक्ने भएकाले छिटोछरितो रूपमा आधुनिक प्रविधिको प्रयोग गरी एआई ड्रोन क्यामेराले वन गस्ती गरिएको हो।

एक्याप जोमसोमले उक्त ड्रोनको तौल १०६३ ग्रामको रहेको छ । ड्रोनले करिब १५ देखि २० किलोमिटर दुरीसम्म जानसक्छ छ किलोमिटर उचाइसम्म पुग्नसक्छ । ड्रोनलाई प्रतिघण्टा ९० देखि ९७ किलोमिटर गतिमा उडाउन सकिन्छ ।




# प्रकृति, संस्कृति र .....

चिरकालिजको बासस्थान रहेको भेटिएको हो । अध्ययनमा सहभागी विराट रजकका अनुसार एक वर्षअघि भएको अध्ययनका क्रममा मुदीमा तीन र दरमा सात जोडी चिरकालिज भेटिएका थिए । यहाँको लेकमा विभिन्न प्रजातिका बहुमूल्य जडीबुटीसमेत पाइन्छ । विशेषत: वैशाख–जेठमा यहाँका लेकहरूको यार्सागुम्बा टिप्ने गरिन्छ भने असोज–कात्तिकमा च्याउ टिप्ने चलन छ । फिरन्ते शैलीमा घुम्ती गोठमा गाई, भैँसीपालन गर्ने गोठालाहरूको दिनचर्या र जीवनशैली एकसाथ अध्ययन अवलोकन गर्न पाउनु यहाँको अर्को विशिष्टता हो ।

धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुन मुदी, मुना क्षेत्रमा रेडपाण्डा, चिरकालिजजस्ता दुर्लभ वन्यजन्तु र पन्छीहरू पाइने भएकाले पर्यापर्यटनको हिसाबले पनि सम्भावना देखिएको बताउनुहुन्छ । मुदीको पर्यटन विकासका लागि पूर्वाधार निर्माणसँगै यहाँको प्रवर्द्धनमा जोड दिइएको उहाँले बताउनुभयो । धवलागिरि सर्किटसँगै गुर्जाबाट डोल्पा निस्कने मार्ग, ढोरपाटन सिकार आरक्ष जोड्ने रूटको पनि विकास प्रवर्द्धन गर्नुपर्ने उहाँको भनाइ छ। मुदीदेखि चक्रीय धवलागिरि र गुर्जा हिमाल पदयात्रामा जान सकिनुले यो पदयात्रा पर्यटनका लागि पनि महत्त्वपूर्ण गन्तव्यका रूपमा रहेको छ । करिब दशकअघिसम्म चक्रीय धवलागिरि पदमार्गमा पदयात्राका लागि आउने पर्यटकका कारण मुदीमा पर्यटकले क्याम्प राख्ने ठाउँ पाउन पनि मुस्किल हुन्थ्यो।

विशेषत: शरद र वसन्त याममा धवलागिरि हिमाल आरोहणका साथै यसको फेदी हुँदै मुस्ताङको मार्फा निस्कने चक्रिय धवलागिरि पदमार्गका आउने पर्यटकका कारण भरिभराउ हुने मुदीगाउँ पछिल्ला वर्षमा भने सुनसान हुँदै गएको छ। विगतमा पर्यटक, पथप्रदर्शक र मजदुरहरूको लहर देखेर मुदीमा धवलागिरि सामुदायिक घरबास स्थापना गर्नुभएका व्यवसायी गणेश घर्तीले अहिले उक्त व्यवसाय बन्द गरेर बाख्रापालन सुरू गर्नुपरेको दु:खेसो गर्नुभयो ।

विगतमा यहाँका दुईवटा क्याम्पमा क्षमताभन्दा बढी पर्यटक आएको देखेर उनीहरूको सुविधाका लागि होमस्टे खोलेको बताउँदै उहाँले पछिल्लो समयमा पर्यटकहरू सिधैँ हेलिकप्टर चढेर आधार शिविर पुग्न थालेपछि उक्त व्यवसाय नै बन्द गरेर बाख्रा पाल्न थालेको बताउनुभयो । हेलिकप्टरबाट सिधैँ धवलागिरि जाने क्रमले यहाँ रहेका करिब ५० जना क्षमताका पाँचवटा घरबास सञ्चालकको मात्र नभएर पदयात्राको याममा पर्यटकको भारी बोकेर जीविकोपार्जन गरिरहेकाहरूको रोजगारीसमेत खोसिएको उहाँको भनाइ छ ।

पर्यटक र पर्वतारोहीहरू हेलिकप्टर चढेर सिधैँ आधार शिविर पुग्नुका साथै जलविद्युत् आयोजनाहरूले निर्माण गरेको पहुँच मार्गले पदमार्ग मासिएको र नौ दिनको यात्रा दुई दिनमा छोटिदा मुदी, नाउरा, बगरहरू सुनसान बन्ने गरेको स्थानीयको गुनासो छ। नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय पोखराका प्रमुख मणिराज लामिछानेले धवलागिरिको महत्वलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय रूपमा स्थापित गराउनुपर्ने बताउनुहुन्छ । यसको प्रवर्द्धनसँगै पर्यटकीय उपयोग बढाउन सकेमा मुदीगाउँजस्ता सम्भावनायुक्त ठाउँ तथा गाउँहरूको पर्यटकीय उपयोग हुने उहाँले बताउनुभयो ।

मुदीमा पाहुना र पर्यटकलाई लक्षित गरेर होमस्टे (घरबास) सञ्चालन गरिएको घरबासका सञ्चालक गौबहादुर राम्जालीले बताउनुभयो । उहाँका अनुसार सडक यातायातको पहुँच, गाउँको फेदी भएर बग्ने गुर्जा र म्याग्दी नदीमा जलविद्युत् आयोजनाहरू निर्माण हुन थालेपछि घरबासमा पाहुना आउन थालेका छन् ।

पाहुनाहरूलाई घरायसी वातावरणमा खाने बस्ने व्यवस्था मिलाउनका लागि आठदश वर्षअघि बनाएर प्रयोगमा नआएको घरमा आधारभूत पूर्वाधार बनाएर घरवास चलाइएको उहाँले जानकारी दिनुभयो। आएका पर्यटकलाई स्थानीयवासीले स्थानीय कुखुरा, खसीबोकाको मासु, च्याउ, टुसाको तरकारी, सिमीको दाल, कोदो, फापरको ढिँडो, सिस्नो आदिको स्वाद चखाउने गरेको उहाँले जानकारी दिनुभयो । घरबासमा एक दिनमा २० देखि ३० जनासम्म सहजै बस्न सक्ने जानकारी दिँदै उहाँले पर्यटकको आगमन बढेको उक्त पूर्वाधारहरू थप विस्तार गर्न सकिने बताउनुभयो ।

गण्डकी प्रदेशसभा सदस्य रेशम जुग्जाली धवलागिरि हिमालबाट कसरी फाइदा लिन सकिन्छ भन्नेतर्फ स्थानीयवासीले नै विशेष चासो दिनुपर्ने बताउनुहुन्छ । वैकल्पिक पदमार्गको विकास र आन्तरिक पर्यटक केन्द्रित कार्यक्रम आवश्यकता रहेको उहाँको भनाइ छ । यहाँको दोभानदेखि सल्लाधारी हुँदै इटाली आधार शिविरसम्म सडक विस्तारको सम्भावना नभएको र त्यहाँ पर्यटकलाई आवासको समस्या रहेकाले त्यो क्षेत्रमा व्यवसाय विस्तार गर्न उहाँले स्थानीयवासीलाई सुझाउनुभयो ।

म्याग्दीको जिल्ला सदरमुकाम बेनीदेखि सिङ्गा तातोपानी, बाबियाचौर, दरबाङ, धारापानी, ताकम, मुनागाउँ हुँदै गाडीमा तीन घण्टा समयावधिमा मुदी गाउँ पुग्न सकिन्छ । मोटरसाइकलको समेत प्रयोग गरी आउन सकिने यो गाउँ बेनीदेखि ४७ किलोमिटर दूरीमा रहेको छ । बेनीबाट गाउँमा आउन जिपहरू सजिलै पाइन्छ । रासस

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
जेठ ०९ गते शनिबार



डा. जयन्ती ज्वारचन
वरिष्ठ छाला, यौन, कुष्ठ तथा सौन्दर्य रोग विशेषज्ञ
(Manipal Teaching Hospital, Pokhara)

सुन्दर छाला, स्वस्थ यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं।

स्वास्थ्य परीक्षण तथा उपचार गरिने प्रमुख समस्या र लक्षणहरू:

१. छाला सम्बन्धी रोगहरू:
अनुहार, हात, शरीरमा रास, डाबर वा रातो-गुलियो देखिनु, चिलाउने, सुन्निने, फोकाहरू आउने, खोपडीमा बोसो, ड्यान्ड्रफ वा रौं झर्ने समस्या, सोरायसिस (Psoriasis), एक्जिमा (Eczema), एलर्जी

२. यौनरोग सम्बन्धी समस्याहरू (Male/Female):
यौनाङ्गमा घाउ, दुखाइ वा फोका आउने, यौन रोगजन्य संक्रमण (STI/STD), जलन, गन्ध, शीघ्रपतन, नपुंसकता, यौन दुर्बलता, यौन जीवनमा आत्मविश्वासको कमी

३. कुष्ठ (Leprosy) रोग:
छालामा संवेदनाहीन रङ फेरेको दाग, हातखुट्टा टर्रिने, कमजोरी वा सुन्निने, कुष्ठ रोगका प्रारम्भिक लक्षणहरू, लामो समयको छाला समस्या जसले निको हुँदैन

४. सौन्दर्य चिकित्सा (Aesthetic Dermatology):
छालाको रङ, दाग, डार्क स्पट हटाउने उपचार, फेसियल थेरापी, स्किन पीलिङ, स्कार ट्रीटमेन्ट, मुहार चम्काउने र त्वचा टाइट गर्ने उपायहरू, हेयर ट्रीटमेन्ट तथा लेजर सेवा, कपाल झर्ने समस्यामा Inj PRP दिनुको साथै कपाल झरेर पुरै टाउको खाली भएको र ठाउँ ठाउँमा खाली भएकोमा कपाल रोप्ने (Trasplant) पनि गरिन्छ ।

हाम्रा उपलब्ध सेवाहरू :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८३ जेठ ०७ बिहीबार May 21, 2026

# पोखराबाट हुन सकेन नियमित अन्तर्राष्ट्रिय उडान

राम थापा/गण्डकी

छिमेकी केही देशमा 'चार्टर' उडानबाहेक पोखराबाट नियमित अन्तरराष्ट्रिय उडान हुन सकेको छैन । झण्डै २२ अर्ब रुपैयाँ ऋणमा बनेको पोखरा अन्तरराष्ट्रिय विमानस्थल आन्तरिक उडानमा मात्र सीमित छ । सन् २०२३ को जनवरी १ मा यस विमानस्थलको उद्घाटन भएको थियो । सन् २०२५ मार्चमा निजी वायुसेवा कम्पनी हिमालय एयरलाइन्सले पहिलोपटक पोखरा-ल्हासा नियमित व्यावसायिक उडान सुरु गरे पनि त्यो लामो समय टिक्न सकेन । गत मार्च २३ बाट हिमालय एयरलाइन्सले पोखरा-ल्हासा उडान सेवा बन्द गरेको पोखरा अन्तरराष्ट्रिय विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलाले बताउनुभयो ।

'यात्रु संख्या न्यून भएको भन्दै हिमालय एयरलाइन्सले एक वर्षमै पोखरा-ल्हासा उडान सेवा बन्द गरेको छ", उहाँले भन्नुभयो, 'छिटपुट रूपमा चार्टर उडानबाहेक अहिले पोखराबाट नियमित रूपमा कुनै पनि अन्तर्राष्ट्रिय उडान हुन सकेको छैन ।'

मङ्गलबार पहिलोपटक पोखराबाट भारततर्फ मेडिकल चार्टर उडान भएको महाप्रबन्धक निरौलाले बताउनुभयो। मुक्तिनाथ दर्शन गरेर फर्किने क्रममा बिरामी पर्नुभएका भारतको मध्यप्रदेश, भोपालका शम्भु दयाल श्रीवास्तवलाई मेडिकल चार्टर उडानमार्फत भारत पठाइएको उहाँको भनाइ छ । उहाँका अनुसार श्री एयरलाइन्सको जहाजले मङ्गलबार दिउँसो ३:९ मिनेटमा भोपालका लागि उडान भरेको थियो।

भारतका केन्द्रीय कृषि तथा ग्रामीण विकासमन्त्री एवं मध्य प्रदेशका पूर्वमुख्यमन्त्री शिवराज सिंह चौहान र बिरामीका परिवारको समन्वयमा श्री एयरलाइन्सले उक्त मेडिकल चार्टर उडान गरेको महाप्रबन्धक निरौलाले बताउनुभयो। 'पहिलोपटक पोखराबाट भारतका लागि चार्टर उडान भएको हो, यसले पोखराबाट भारतका विभिन्न सहरमा नियमित उडानका लागि अनुमति लिन र आवश्यक कूटनीतिक पहल थाल्न नेपाल सरकारलाई सहज हुने देखिन्छ", उहाँले भन्नुभयो । भारत सरकारले अनुमति दिएमा नेपाली एयरलाइन्स कम्पनीहरूले भारतका विभिन्न गन्तव्यमा उडान भर्न सक्ने महाप्रबन्धक निरौलाले बताउनुभयो। पोखराबाट चीन, भुटानलगायत देशमा यसअघि चार्टर उडान भए पनि भारतमा पहिलोपटक चार्टर उडान भएको हो ।

पोखराबाट नियमित अन्तर्राष्ट्रिय उडानका लागि सरकार र सम्बद्ध निकायले प्रयास गर्दै आए पनि त्यसले सार्थक रूप लिन सकेको छैन । पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल बनाउने ५० वर्षअघिको योजनाले सार्थकता पाए पनि विमानस्थल पूर्ण रूपमा सञ्चालनमा आउन नसकेको हो।

पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले पोखराबाट नियमित अन्तर्राष्ट्रिय उडान सुरु गर्न संघ सरकारले कूटनीतिक पहल थाल्नुपर्ने बताउनुभयो । 'निजी क्षेत्र, स्थानीय तह, प्रदेश सरकारलगायतले यो विषय उठाउँदै आएका छन्", उहाँले भन्नुभयो, 'पराराष्ट्र मामिलासँग जोडिएको र कूटनीतिक विषय भएकाले संघ सरकारले नै यसमा निर्णय र पहल लिनु आवश्यक छ ।' भारतसँगको सीधा हवाई मार्गमा पोखरालाई जोड्न सके पोखरासहित सिङ्गो मुलुकले पर्यटन र व्यापारबाट फाइदा लिनसक्ने उहाँको भनाइ छ ।

अध्यक्ष कार्कीले पोखरामा अन्तराष्ट्रिय विमानस्थल निर्माणका लागि पोखरेलीले ठूलो मेहनत र संघर्ष गर्नुपरेको सुनाउनुभयो । पोखरादेखि हुने आन्तरिक उडान भने धेरै सहज हुँदै गएको उहाँको भनाइ छ। 'पहिले पोखराबाट दिउँसो ३:०० बजेपछि उडान हुँदैनथ्यो, अहिले रात्रिकालीन उडान पनि भइरहेको छ", अध्यक्ष कार्कीले भन्नुभयो, 'नियमित अन्तरराष्ट्रिय उडान हुन सकेमा देशले ठूलो लाभ पाउँथ्यो, अर्बौं खर्चेर बनाइएको विमानस्थल घाटामा चलाउनुपर्ने अवस्थाको अन्त्य हुनेथियो ।'

पर्यटकीय राजधानीसमेत रहेको पोखरा अन्तर्राष्ट्रिय हवाई सञ्जालमा जोडिएर ठूलो संख्यामा विदेशी पर्यटक भित्रने आशमा रहेका पर्यटन व्यवसायी पनि विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान नहुँदा निराश छन् । यस विमानस्थल बनेपछि पोखराको पर्यटनमा झण्डै एक खर्ब रुपैयाँ लगानी थपिएको पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष पोमनारायण श्रेष्ठले बताउनुभयो ।

पोखराबाट नियमित अन्तर्राष्ट्रिय उडानका लागि पहल गर्न पर्यटन व्यवसायीलगायतले पटक-पटक संघ सरकारसमक्ष आग्रह गरे पनि हालसम्म कुनै परिणाम निस्कन नसकेको उहाँको भनाइ छ । संघ सरकारले कूटनीतिक पहलमार्फत विभिन्न देशमा अन्तर्राष्ट्रिय उडान हुने वातावरण निर्माण गर्नुपर्ने पूर्वअध्यक्ष श्रेष्ठले बताउनुभयो । 'विमानस्थल उद्घाटन भएको साढे तीन वर्ष बितिसक्दा पनि नियमित अन्तर्राष्ट्रिय उडान हुन नसक्नु विडम्बना हो", उहाँले भन्नुभयो, 'पोखराबाट नियमित अन्तर्राष्ट्रिय उडान नभएसम्म पर्यटकीय राजधानीका रूपमा पोखराले यथोचित लाभ लिन सक्दैन ।'


सरकारले शीघ्र कूटनीतिक पहल सुरु गरेर नियमित अन्तर्राष्ट्रिय उडान सुरु गर्नुपर्ने उहाँको भनाइ छ । अन्तर्राष्ट्रिय उडान नहुँदा विमानस्थललाई हेरेर लगानी गरेका पर्यटन व्यवसायीसमेत मारमा परेका छन्। पोखराको पर्यटन क्षेत्रमा करिब रु छ खर्बको लगानी रहेको अनुमान छ। पछिल्लो समय पनि तारे होटल धमाधम बनिरहेका छन् । विमानस्थललाई हेरेर लगानी गरेका होटल व्यवसायी पनि चिन्तित छन् । सरकारले जतिसक्दो चाँडो पोखराबाट नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालन गरोस् भन्ने उनीहरूको माग छ ।

व्यवसायीहरूले पोखराबाट अन्तर्राष्ट्रिय उडान गर्न आवश्यक नीति, नियममा सहजीकरण गर्नुपर्ने, भारत र चीनका मुख्य सहरमा उडान गर्न राष्ट्रियस्तरका हवाई कम्पनीहरूलाई अनुमति दिनुपर्ने लगायत माग राख्दै आएका छन्। पोखराबाट नियमित अन्तर्राष्ट्रिय उडान राष्ट्रिय ध्वजावाहक नेपाल एयरलाइन्सबाट सुरु गर्नुपर्ने कतिपयको भनाइ छ । पोखरा र सिङ्गो गण्डकी प्रदेशको समृद्धिको आधार मानिएको पोखरा अन्तरराष्ट्रिय विमानस्थललाई पूर्ण रूपमा सञ्चालनमा ल्याउन सके पर्यटकीय राजधानी पोखराले पर्यटनमा ठूलो फड्को मार्ने देखिन्छ।

स्वदेशी वायुसेवा प्रदायक कम्पनीले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट संघीय राजधानी काठमाडौँ, भरतपुर, भैरहवालगायतका गन्तव्यमा आन्तरिक उडान गर्दै आएका छन्। सरकारले आगामी आव २०८३/०८४ को नीति तथा कार्यक्रममा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तरराष्ट्रिय वायुसेवा प्रदायकलाई आकर्षित गर्न कूटनीतिक पहल गर्ने जनाएको छ ।

हवाई पूर्वाधार विकास, अन्तर्राष्ट्रिय विमानस्थलहरूको पूर्ण सञ्चालन र आधुनिकीकरण गरी भरपर्दो र प्रतिस्पर्धी हवाई सेवा विस्तार गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । रासस

## facebook twitter



**Tara Nath Dahal**
x.com/tndahal7

पत्रकारिताका जिम्मेवार प्लेटफर्म र व्यवसायीक पत्रकारहरूले प्रश्न सोध्ने र संवाद गर्ने सहज अवस्था भएन भने सन्जालका मोनिटाइज भाईरलवालाहरूले सेन्सेसनको खेती गर्छन। अनि बिस्तारै थाम्न नसक्ने प्रश्नहरूको बाढी सिर्जना हुन्छ र त्यसले खहरे जस्तो होइन कोशीको उन्मत्त बाढी बनेर सखाप पार्नेछ ।



**dambar khatiwoda**
x.com/dambarkhatiwoda

भूमिहीनका लागि केके न गर्छौं, आकासका तारा झार्छौं भन्दैथे, जाबो २५ हजारले टाटो मार्न खोजेछन, १ महिनाको कोठा भाँडा पनि पुग्दैन। जहाँ केही गर्न समय लाग्छ, त्यहाँ हतारमा हात नहाल मित्र हो! चरणबद्ध सोच र सही परिणामको सुनिश्चितता बिना बरू नगर्नु राम्रो, मान्छेले दु:ख त पाउन्नन।



**Nilamber Acharya**
x.com/nilacharya

हाम्रो संसदीय शासन पद्धति बहुमतीय होइन बहुदलीय हो।
बहुमतवाद होइन बहुलवाद हो।
हाम्रो राजनीतिक पद्धति र संस्कृति 'बहुजन हिताय' भन्दा बढी 'सर्वे भवन्तु सुखिनः' हो।
सबैलाई सुनुपर्छ।
सबैको हित हेर्नुपर्छ ।

# गण्डकी प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड जेठ तेस्रो साता

भञ्ज्याङ समाचारदाता/गण्डकी

सोह्रौँ गण्डकी प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता यही जेठ १५ र १६ गते बागलुङमा हुने भएको छ । प्रतियोगिताको व्यवस्थापकीय तयारीलाई तीव्र पारिएको प्रदेश खेलकुद परिषद्ले जनाएको छ । प्रतियोगितामा गण्डकीका ११ वटै जिल्लाबाट गरी झण्डै एक हजार १०० खेलाडी सहभागी हुने परिषद्का सदस्यसचिव श्रीधर शर्माले जानकारी दिनुभयो । डेढ सयको संख्यामा अफिसियल सहभागी हुने उहाँको भनाइ छ ।

'सुरक्षा प्रबन्धदेखि अन्य तयारीका काम भइरहेको छ, जिल्ला खेलकुद विकास समिति बागलुङले स्थानीय रूपमा व्यवस्थापन र समन्वयको काम गरिरहेको छ", सदस्यसचिव शर्माले भन्नुभयो । प्रतियोगितामा तेक्वान्दो, कराते, उसु, एथलेटिक्स, भलिबल र कबड्डी गरी छवटा विधामा महिला र पुरुषतर्फका खेल सञ्चालन हुनेछन् ।

पालिका हुँदै जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्डबाट छनोट भएका खेलाडीले प्रदेशस्तरीय प्रतियोगितामा भाग लिने जिल्ला खेलकुद विकास समितिका सचिव किशोर थापाले बताउनुभयो । एउटा जिल्लाबाट एक सयको हाराहारीमा खेलाडी सहभागी हुने उहाँको भनाइ। स्थानीय बाङ्गेचौर खेलमैदान र काठेखोलाको बिहुँमा रहेको कभर्डहलमा प्रतियोगिता सञ्चालन हुने जनाइएको छ । प्रदेशस्तरीय प्रतियोगिताबाट छनोट भएका खेलाडी केन्द्रीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुनेछन् ।

पछिल्लो समय प्रदेशस्तरीय प्रतियोगिता आलोपालो रूपमा जिल्लामा गर्ने गरिएको सदस्यसचिव शर्माले बताउनुभयो । प्रतियोगिता सञ्चालनदेखि खेलका बजेट तथा कार्यक्रमलाई विकेन्द्रित गर्दै लगिएको उहाँको भनाइ छ । पन्ध्रौँ प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता गोरखा र १४औँ प्रतियोगिता नवलपुरमा आयोजना भएको थियो । सत्रौँ प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता हुने जिल्ला १६औँ प्रतियोगिताको समापन समारोहमा घोषणा गरिने परिषद्ले जनाएको छ । रासस

# दमौलीमा ट्राफिक ...........

आगामी २०८३ जेठ १० गतेदेखि १५ दिनसम्म परीक्षणकालका रूपमा नयाँ ट्राफिक योजना लागू गरिने भएको छ ।

**सफा सडकमा पार्किङ पूर्ण निषेध**

निर्णयअनुसार दमौलीको सफा सडक क्षेत्रमा दुईतर्फी सवारी सञ्चालन गरिनेछ भने उक्त क्षेत्रमा सबै प्रकारका सवारी पार्किङ पूर्ण रूपमा निषेध गरिने भएको छ। पार्किङका लागि शाखा सडक, विभिन्न चोक, नगरपालिकाको पार्किङ ग्राउण्ड तथा अनशन चौतारी क्षेत्रमा नि:शुल्क व्यवस्था गरिने जनाइएको छ।

**विभिन्न रूटका सवारी बसपार्कमा पठाइने**

भोर्लेटार, परेवा डाँडा, शिसाघाट, पुलिमऱ्याङ, लमजुङको भोर्लेटार, सोतीपसल, जिता तथा कुन्छातर्फ सञ्चालन हुने ठूला सवारी साधनलाई बाघभञ्ज्याङ हुँदै सिमलटारतर्फबाट बसपार्कमा प्रवेश गराइने भएको छ। छुट्ने समयमा चौतारी होटल चोकमा एक/एकवटा सवारीलाई १५/१५ मिनेट 'बोर्डिङ टाइम' दिने निर्णय गरिएको छ।

त्यसैगरी दमौली-काठमाडौँ र दमौली-मुग्लिन चल्ने माइक्रो तथा बसलाई बसपार्कमा पठाइने र छुट्ने बेलामा पाँच मिनेटसम्म यात्रु चढाउन अनुमति दिइने भएको छ। काठमाडौँ तथा पूर्वी खण्डबाट आउने छोटो तथा लामो दूरीका सवारीलाई भने भोर्लेटार चोकमा दुई मिनेटसम्म 'पिकअप/ड्रप' गर्न समय दिइनेछ। तालघरे, डिहीगाउँ, घाँसीकुवा हुँदै व्यास-१० र ११ तर्फ चल्ने म्याजिक तथा बसलाई बसपार्क पठाइने र छुट्ने समयमा एक/एकवटा सवारीलाई मात्र दुई मिनेट 'पिकअप' अनुमति दिने निर्णय गरिएको छ।

**ट्राफिक चोक र साँगेचोकमा क्यू व्यवस्थापन**

ट्राफिक चोकमा दमौली-पोखरा चल्ने माइक्रो तथा ट्याक्सीलाई अबदेखि ११ वटासम्म मात्र क्यू थाप्न दिइनेछ भने बाँकी सवारी बसपार्कमा पठाइनेछ। त्यस्तै व्यास-३ साँगेचोकमा तरकारी लाइनको पूर्वतर्फ दमौली-पोखरा बस क्यू थाप्ने तथा पश्चिमतर्फबाट व्यास-५ देखि ६ सम्म चल्ने म्याजिक र ठूला सवारीलाई दुर्गा मन्दिर पश्चिम एक/एकवटा मात्र राख्न दिइने भएको छ।

**भित्री बजारमा पनि कडाइ**

न्यूरोडस्थित नगरपालिकाको भवन पछाडिबाट ऋषिङ र घिरिङतर्फ चल्ने जीप तथा माछापुच्छ्रे बैंक अगाडिबाट छुट्ने ठूला सवारीलाई एक/एकवटा मात्र क्यू थाप्न दिइनेछ। गणेशमान चोकमा छाब्दी बाराही तथा व्यास-१३ र १४ तर्फ जाने सवारीलाई पनि एक/एकवटा मात्र राख्न पाइने निर्णय गरिएको छ। अटो रिक्सा व्यवस्थापनतर्फ उल्लेखित चोकहरूमा दुई/दुईवटा तथा अनशन चौतारीमा दुईवटा मात्र अटो राख्न दिइनेछ। अन्य सबै अटो, बस, माइक्रो, जीप तथा ट्याक्सीलाई बसपार्कमा पठाइने भएको छ। साथै सर्भिस लेनमा मोटरसाइकल लगायत दुईपाङ्ग्रे सवारी पार्किङ गर्न पूर्ण रोक लगाइएको छ।

**विद्यालय र कार्यालय समयमा हेभी सवारी निषेध**

सोमबारदेखि शुक्रबारसम्म बिहान ८:३० देखि १०:१५ बजेसम्म तथा साँझ ३:३० देखि ५:१५ बजेसम्म सफा सडक, ग्रिन सिटी टोल, गणेशमान चोक, अमरापुरी सत्यवती विद्यालय तथा सरकारी कार्यालय आसपासका क्षेत्रमा मालवाहक ट्रक, ट्र्याक्टर तथा हेभी सवारी सञ्चालनमा रोक लगाइने भएको छ ।

**विभिन्न सडकमा 'वन वे' लागू**

बैठकले बजारका केही सडकलाई एकतर्फी बनाउने निर्णय पनि गरेको छ। वडा नं. २ अन्तर्गत पृथ्वी राजमार्गबाट ग्रिनसिटी टोल हुँदै भेटघाट चोक जाने सडक, तरकारी लाइन हुँदै महर्षि चोक जाने सडक, पुरानो बैंक लाइनदेखि कालिका मार्ग हुँदै राजमार्ग निस्कने सडक तथा प्रहरी कार्यालय दक्षिण-पश्चिम चोकबाट दुर्गा मन्दिरतर्फ जाने सडकलाई 'वन वे' बनाइने भएको छ। ती सडकमा कुनै पनि सवारी पार्किङ गर्न नपाइने निर्णय गरिएको छ।

**फुटपाथ खाली गराइने**

पैदल यात्रुको सहज आवतजावतका लागि सबै फुटपाथ खाली राख्ने निर्णय गरिएको छ। सडक पेटीमा सामान राखेर व्यापार गर्दै आएका व्यवसायीलाई तत्काल हटाउन नगरपालिकाले निर्देशन दिएको छ।

**बसपार्क व्यवस्थापनमा सुधार**

व्यास-१ करङ्काठस्थित बसपार्कमा बत्ती, खानेपानी तथा शौचालय व्यवस्थापनको जिम्मा नगरपालिकाले लिने भएको छ। साथै भोर्लेटार चोक र व्यास चोक क्षेत्रमा ट्राफिक पोस्ट, सिसिटिभी क्यामेरा तथा सडक बत्ती व्यवस्थापन गरिने निर्णय पनि गरिएको छ।

यसैगरी 'नो पार्किङ' सम्बन्धी आवश्यक सामग्री नगरपालिकाले उपलब्ध गराउने तथा बसपार्कमा टिकट काउन्टर सञ्चालनका लागि भवन कोठा उपलब्ध गराइने निर्णय गरिएको प्रमुख प्रशासकीय अधिकृत लम्सालले जानकारी गराए ।

सेवाग्राहीमैत्री सेवा, सुशासनको आधार
❖ सेवाग्राहीसँग नम्र, शिष्ट र सम्मानजनक व्यवहार गरौं.
❖ सेवा प्रक्रियालाई सरल, छिटो र पारदर्शी बनाऔं.
❖ अनावश्यक ढिलाइ र झन्झटबाट मुक्त सेवा प्रवाह गरौं.
❖ सूचनाको हक सुनिश्चित गरौं.
❖ भ्रष्टाचार र अनियमितता पूर्ण रूपमा निषेध गरौं.
❖ गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाऔं.
❖ प्रविधिमैत्री सेवा विस्तार गरौं.
❖ जवाफदेही र परिणाममुखी कार्यशैली विकास गरौं.
नेपाल सरकार
विज्ञापन बोर्ड

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : व्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४